पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो. ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :- ०८१।८२
चलानी नं. :- ६३८
प्राप्त पत्र संख्या र मिति :-

## कृष्णसार स्थानान्तरण सम्वन्धमा

कञ्चनपुर जिल्लाको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र बर्दिया जिल्लाको कृष्णसार संरक्षण क्षेत्रबाट चितवन जिल्लाको टिकौली क्षेत्रमा कृष्णसार स्थानान्तरण गर्ने निर्णय वन तथा वातावरण मन्त्रालयबाट भएपश्चात विभिन्न समाचार र प्रतिक्रियाप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ।

लोपोन्मुख कृष्णसार वि.सं. २०३३ सालमा बर्दिया जिल्लाको खैरापुरमा ९ वटामा सीमित भएको थियो। तत्पश्चात प्रभावकारी संरक्षणका कारण यसको संख्यामा उल्लेखनीय वृद्धि भएको छ। नेपालमा कृष्णसारको संख्या वृद्धि गर्न विगतको दशकमा सदर चिडियाखाना र खैरापुरसमेतबाट गरी जम्मा ४२ वटा कृष्णसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुर फाँटामा स्थानान्तरण गरिएको थियो, जसबाट सो को संख्या वृद्धि भई हाल खैरापुर समेतमा गरी नेपालको प्राकृतिक बासस्थानमा ५०० भन्दा बढी पुगेको छ।

कुनै पनि वन्यजन्तुलाई निश्चित क्षेत्रमा मात्र सीमित गर्दा वंशाणुगत, वातावरणीय र अप्रत्याशित अवस्था (Stochasticity) सिर्जना भई एकैचोटि प्रजाति नै लोप हुन सक्ने जोखिम रहन्छ। त्यसैले नेपाल तथा विश्वभर विभिन्न प्रजातिहरूलाई अन्य स्थानहरूमा स्थानान्तरण गर्ने अभ्यास हुँदै आएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुर फाँटामा छोटो अवधिमै कृष्णसारको संख्या उल्लेखनीय रूपमा वृद्धि हुनु सोही अभ्यासको परिणाम हो।

यसै अभ्यास र आवश्यकतालाई मध्यनजर गरी मन्त्रालयबाट गठित कार्यदलले पेश गरेको सम्भाव्यता र स्थलगत अध्ययन प्रतिवेदनको सिफारिस तथा विगतका सैद्धान्तिक निर्णय र स्वीकृत कार्ययोजनाका आधारमा करिब २० हेक्टर क्षेत्रमा घेराबार (इन्क्लोजर) तथा न्यूनतम पूर्वाधार निर्माण भइसकेको अवस्थालाई विचार गर्दै मन्त्रालयबाट हाललाई ६ भाले र १२ पोथी गरी जम्मा १८ वटा कृष्णसार स्थानान्तरण गर्ने निर्णय गरिएको हो।

२०८१।१२।२३